नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## हार्दिक अपिल

विगत केही दिन देखिको भारी वर्षा र उक्त वर्षाबाट सिर्जित बाढी, पहिरो, डुबानबाट ठुलो मात्रामा धनजनको क्षति भएको छ । आसन्न दुई ठुला चाडको अगाडि आईपरेको विपदलाई हामी सबै मिलेर सामुहिक रुपमा सामना गर्नुपर्ने आवश्यकता रहेको छ । बाढी तथा पहिरोले यातायात सञ्चालन एवम आपूर्ति शृंखलामा समेत नकारात्मक प्रभाव परेको छ ।

बाढी र पहिरोले पुर्याएको क्षतिका कारण उद्योगी तथा व्यवसायीहरुले सामना गरिरहनुभएका पारवहन तथा ढुवानी र आपूर्ति शृंखलामा हुने अवरोध लगायतका चुनौति प्रति मन्त्रालय संवेदनशील रहेको छ । तथापि, संकटको यस घडिमा, अत्यावश्यक वस्तुहरूमा सबैको पहुँच सुनिश्चित गर्नु हामी सबैको साझा कर्तव्य हो। यसबखत, हामीलाई उद्योगी, व्यवसायीहरुको पहिले भन्दा बढी साथ सहयोग र सहकार्यको आवश्यकता परेको छ।

मन्त्रालयले उद्धार, राहत, र उपचार एवम् विपद पश्चातको पुनर्स्थापना, तथा पुनर्निर्माणका लागि सक्रियतापूर्वक सबै निकायसँग समन्वयमा काम गरिरेहको छ । यस विषम परिस्थितिमा आसन्न चाडपर्वको समयमा अत्यावश्यक वस्तु तथा सेवाहरूमा अनुचित मूल्यवृद्धि हुन नदिन हामी देशभरका सबै व्यावसायी र आपूर्तिकर्ताहरूलाई हार्दिक अपिल गर्दछौं। प्रकोपबाट सिर्जित प्रतिकूल परिस्थितिको लाभ उठाउने विषय नेपाली समुदायहरूलाई थप चोट पुर्याउने विषय भएकोले यसमा थप संवेदनशील भई कार्य गर्नुहुने कुरामा मन्त्रालय विश्वस्त छ ।यस्तो चुनौतीपूर्ण अवस्थामा तीनै तहका सरकार तथा निजीक्षेत्रको सहकार्य एवम् समन्वयमा मूल्य स्थिरता कायम गर्न, आपूर्ति प्रणाली व्यवस्थित गर्दै प्रत्येक घरपरिवारले आधारभूत आवश्यकताका वस्तुहरूको सहज उपलब्धता एवम् पहुँच सुनिश्चित हुनसक्ने वातावारण निर्माण गर्न सम्बन्धित सबैमा मन्त्रालय अनुरोध गर्दछ ।

आपूर्ति शृङ्खला व्यवस्थापन, पूर्वाधारहरुको पुनर्निर्माण र अन्य प्रणालीगत अवरोधहरू न्यूनीकरण गर्न मन्त्रालय सरोकारवाला सबै पक्षसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको छ। हामी सबै उद्योगी, तथा व्यवसायीहरुलाई आपूर्ति शृङ्खलाको कुशलतापूर्वक व्यवस्थापन गर्दै, प्रदेश तथा स्थानीय सरकारसँगको समन्वयमा सबै विपद प्रभावित क्षेत्रहरूमा अतिआवश्यक वस्तुहरूको निर्बाध उपलब्धता एवम समन्यायिक वितरण सुनिश्चित गर्न सक्रिय कदमहरू चाल्न अनुरोध गर्न चाहन्छौं। विपदको यस समयमा सामाजिक उत्तरदायित्वको भावनामा एकजुट भई बजारमा कृत्रिम अभाव सिर्जना हुन नदिने, मुल्य वृद्धि हुन नदिने र बस्तु तथा सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्न निजीक्षेत्रका सबै छाता सङ्गठन तथा बस्तुगत संघ, व्यवसायी तथा उद्योगीहरुलाई मन्त्रालय हार्दिक अपिल गर्दछ ।

मन्त्रालयले बजार अनुगमनलाई चुस्त पारी चाडपर्व लक्षित सुपथ मूल्य पसलको निरन्तर संचालन गर्ने व्यहोरा जानकारी गराउँदै विपदबाट सिर्जित प्रतिकूल परिस्थतिको अनुचित फाईदा उठाई सर्वसाधारण जनतालाई मर्का पार्ने र अनुचित लाभ लिने गरी बस्तुहरुको अनुचित संग्रह/ भण्डारण गर्ने, लुकाउने र कृत्रिम अभाव सिर्जना गरी बढी मूल्यमा बिक्री गर्ने कार्य कानून तथा आम उपभोक्ताको हित विपरितको कार्य भएकाले यस्ता अभ्यासबाट टाढै रहन सबै व्यावसायीहरुलाई अनुरोध गर्दै यदि यस्तो अवस्था देखिएमा सरकारको सम्बन्धित निकायमा सूचना पुर्याई त्यस्तो कार्यको रोकथाममा हातेमालो गर्न समेत सर्वसाधारण सबैमा अनुरोध गरिन्छ ।

मिति २०८१।०६।१३

प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९